# नेपाल विद्युत प्राधिकरण

## कर्मचारी/पदाधिकारीहरुको लागि सूचना

सम्पत्ति छानबिन आयोग, २०८३ बाट मिति २०८३/०१/३१ को गोरखापत्र दैनिकमा आ.व. २०६२/६३ देखि आ.व. २०८२/८३ चैत्र मसान्तसम्मको अवधिमा सार्वजनिक पदधारणा गरेका र उक्त अवधिमा बहाल रही जुनसुकै किसिमले सेवाबाट अवकाश भईसकेका राजनीतिक पदाधिकारी कर्मचारी तथा निजहरुका परिवार समेतका नाममा स्वदेश तथा बिदेशमा रहेका सम्पत्ति विवरण सङ्कलन र छानबिनको लागि सम्पत्ति विवरण फारम भरी बुझाउन सार्वजनिक सूचना प्रकाशित गरे अनुसार उपरोक्त समयमा नेपाल विद्युत प्राधिकरणमा कार्यरत तह-१० र सो भन्दा माथिका पदाधिकारी कर्मचारीले आयोगबाट निर्धारित सम्पत्ति विवरण फारम भरी आयोगबाट सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र सम्पत्ति छानबिन आयोग, केशरमहल काठमाडौंमा (फोन नं. ०१-४५४६४८८,०१-४५४६५८८), (इमेल ठेगाना: ujuri@pic.gov.np) आफैं वा आफ्नो प्रतिनिधि मार्फत, हुलाक मार्फत वा आयोगको इमेल ठेगानामा दाखिला गर्नुहुन हुन सम्वन्धित सवैमा जानकारी गराइन्छ।

संलग्न:

- सम्पत्ति छानविन आयोग, २०८३ द्वारा जारी गरिएको सार्वजनिक सूचना
- ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयको च.नं.९४७ मिति २०८३/०२/१२ को पत्र

# सम्पत्ति विवरण दाखिला गर्ने सम्बन्धमा

# सम्पत्ति छानबिन आयोग, २०८३ द्वारा जारी गरिएको

# सार्वजनिक सूचना!

## सूचना नं. १

नेपाल सरकारबाट पहिलो चरणमा आ.व. २०६२/६३ देखि आ.व. २०८२/८३ चैत्र मसान्तसम्मको अवधिमा सार्वजनिक पदधारण गरेका र उक्त अवधिमा वहाल रही हाल जुनसुकै किसिमले सेवाबाट अवकाश भईसकेका राजनीतिक पदाधिकारी, कर्मचारी तथा निजहरूका परिवारसमेतका नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण सङ्कलन र छानविन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि सम्पत्ति छानविन आयोग, २०८३ गठन भएको कुरा सर्वमा विदितै छ । उक्त आयोगले मिति २०८३।०१।१० गते ठमेल स्थित केशर पुस्तकालय रहेको भवनमा कार्यालय खडा गरी कार्य सञ्चालन गरिआएको छ। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नेपाल राजपत्र खण्ड ७६, मिति २०८३।०१।०२ मा प्रकाशित पूर्व अतिरिक्ताङ्क १ र २०८३।०१।१४ मा प्रकाशित अतिरिक्ताङ्क २ को सूचनाबाट तोकिएको कार्यदिशमा;

"(क) देहायको सार्वजनिक पदमा रहेका वा पदबाट सेवा निवृत्त भएका वा हटिसकेका देहायका पदाधिकारी र तिनका परिवार समेतका नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्तिको विवरण सङ्कलन गर्ने र सो उपर जाँचबुझ गर्ने,

(१) तत्कालीन श्री ५ को सरकार र नेपाल सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री,

(२) तत्कालीन संसद सदस्य, व्यवस्थापिकाको रूपमा कार्य गर्ने संविधानसभाका सदस्य,

(३) नेपाल अधिराज्यको संविधान, २०४७ नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधानबमोजिम नियुक्त भई संवैधानिक निकायबाट पदमुक्त भएका वा हटेका प्रमुख तथा पदाधिकारी, पूर्व न्यायाधीशहरू तथा नेपाली सेनाको सेवा निवृत्त राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिका अधिकृतहरू,

(४) प्रदेश प्रमुख, प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री,

(५) प्रदेश सभाका सदस्य तथा पदाधिकारी,

(५क) महान्यायाधिवक्ता र मुख्यन्यायाधिवक्ता,

(६) साविकको जिल्ला विकास समिति र हालको जिल्ला समन्वय समितिका पदाधिकारी,

(७) स्थानीय तहका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष,

(८) नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुख तथा कर्मचारी,

(९) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको पदका निजामती सेवा, संसद सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानवअधिकार सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी,

(१०) कार्यालय प्रमुखको पदमा कार्यरत वा कार्य गरेको निजामती सेवा, संसद सेवा, स्वास्थ्य सेवा, वा राष्ट्रिय मानव अधिकार सेवाको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका कर्मचारी,

(११) कार्यालय प्रमुख पदमा कार्यरत वा कार्य गरेको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी,

(१२) नेपाल राष्ट्र बैंकका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिका कर्मचारी,

(१३) प्रचलित कानून बमोजिम स्थापित सरकारी बैंक तथा वित्तीय संस्था, नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी,

(१४) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी,

(१५) नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विश्वविद्यालय, प्रतिष्ठान लगायतका निकायका पदाधिकारी र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी,

(१६) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, नेपाल सरकारका मन्त्री वा प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, नेपाल सरकार वा प्रदेश सरकारको राज्यमन्त्री, सहायक मन्त्री वा संवैधानिक निकायका प्रमुख तथा सदस्य वा यस्तै पदमा रहेका

सम्पत्ति छानबिन आयोग
केशरमहल, काठमाडौं

व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारवाट पारिश्रमिक वा सुविधा लिने वा नलिने गरी नियुक्त भएका वा नियुक्त नभई कार्य गरेका सल्लाहकार, स्वकीय सचिव, निजी सचिव वा यस्तै पदाधिकारी "भनी यस आयोगको काम, कर्तव्य र अधिकार तोकेकोले माथि उल्लिखित पदाधिकारीहरूको पैतृक तथा आफ्नो पालामा आर्जित चल, अचल सम्पत्ति र त्यसका श्रोतहरु (तलब, भत्ता, विदेश भ्रमण, घर जग्गा, शेयर कारोवार, वित्तीय संस्थाबाट लिएको ऋण, कृषि, पशुपालन, व्यापार, व्यवसाय तथा विप्रेषण लगायतवाट प्राप्त आय तथा व्यय) र सो पुष्टि हुने कागजात आयोगवाट निर्धारित सम्पत्ति विवरण फारामसाथ यो सुचना गोरखापत्रमा प्रकासित भएका मितिले ३० (तीस) दिनभित्र यस आयोगमा आफै वा आफ्नो प्रतिनिधि मार्फत्, हुलाक मार्फत् वा आयोगको इमेल टेगानामा दाखिला गर्नु हुन सम्वन्धित सवैमा अनुरोध गरिएको छ। माथि उल्लिखित भए मध्येका कुनै पदाधिकारी वा कर्मचारी आ.व.२०४८ सालदेखि आ.व. २०६२/६३ पछि पनि सेवामा कार्यरत रहेको वा सो अवधि पछि सेवाबाट अवकाश पाएको भएपनि एक पटक सम्पत्तिको विवरण पेश गर्नु पर्नेछ। माथि उल्लेख गरिए अनुसारको सम्पत्ति विवरण वुझाउँदा भर्नु पर्ने फाराम यस आयोगबाट प्राप्त गर्न वा आयोगको वेभ साईटवाट डाउनलोड गर्न सकिनेछ। जानीजानी अपूर्ण वा झुट्टा वेहोराको सम्पत्ति विवरण भरी वुझाउने वा तोकिएको अवधि भित्र सम्पत्तिको विवरण नै नवुझाउनेहरूका हकमा कानून वमोजिम हुने वेहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

सम्पर्क ठेगानाः

सम्पत्ति छानविन आयोग, २०८३

केशरमहल, काठमाडौं ।

फोन नं. ०१-४५४६४८८, ०१-४५४६५८८

वेव साइटः www.pic.gov.np

इमेलः ujuri@pic.gov.np

सम्पत्ति छानविन आयोग, केशरमहल, काठमाडौं २०८३

2083/09/30

(अविन्द्र प्रसाद पाण्डेय)

शाखा अधिकृत

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं. २०८२/८३
च.नं.: ९४०

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ
मिति: २०८३।०२।१२
नेपाल संवत् ११४६

विषयः विवरण सम्बन्धमा ।

नेपाल विद्युत प्राधिकरण
केन्द्रीय कर्मचारी प्रशासन शाखा
दर्ता नं. ६०६८
मिति २०८३।०२।१२

श्री जल तथा ऊर्जा आयोगको सचिवालय, पुल्चोक, ललितपुर ।
श्री विद्युत नियमन आयोग, सानो गौचरन, काठमाडौं ।
श्री सबै महाशाखाहरु, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय ।
श्री जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल, ललितपुर ।
श्री विद्युत विकास विभाग, सानोगौचरण, काठमाडौं ।
श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं ।
श्री वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, ताहाचाल, काठमाडौं ।
श्री विद्युत उत्पादन कम्पनी लिमिटेड, बुद्धनगर, काठमाडौं ।
श्री राष्ट्रिय प्रशारण ग्रीड कम्पनी लिमिटेड, बुद्धनगर, काठमाडौं ।
श्री हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, नयाँवानेश्वर, काठमाडौं ।
श्री बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड, नयाँवानेश्वर, काठमाडौं ।
श्री नलगाड जलविद्युत कम्पनी लिमिटेड, वानेश्वर, काठमाडौं ।
श्री जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड, वानेश्वर, काठमाडौं ।

प्रस्तुत विषयमा सम्पत्ति छानविन आयोगको च. नं. २०, मिति २०८३।२।७ को विवरण उपलब्ध गराईदिने सम्वन्धी पत्र यस मन्त्रालयमा प्राप्त भएको छ। साथै उक्त आयोगबाट सम्पत्ति विवरण दाखिला गर्ने सम्वन्धी सार्वजनिक सूचना प्रकाशन भएको व्यहोरा अवगत नै छ।आयोगको पत्र तथा सूचनामा उल्लेख भए बमोजिम तहाँ र तहाँ मातहतका निकायबाट अवकास भएका कर्मचारीहरु(आ.व. २०४८ अगाडि सेवा प्रवेश गरी आ.व. २०६२/६३ साल पछि अवकास भएका कर्मचारीहरुको हकमा समेत) को नाम, थर वतन, टेलिफोन नं.,मोवाइल नं. इमेल ठेगाना सहितको विवरण (Soft Copy समेत info@moewri.gov.np मा) तीन दिनभित्र मन्त्रालयमा उपलब्ध गराइदिनु हुन साथै आयोगबाट प्रकाशित सूचनामा तोकिएको समयावधिभित्र तोकिएका पदाधिकारी/ कर्मचारीहरुलाई सम्पत्ति विवरण पेश गर्न जानकारी गराईदिनुहुन नेपाल सरकार (सचिवस्तर) मिति २०८३।२।१२ को निर्णयानुसार अनुरोध छ ।

(पशुपति महत)
उपसचिव

वोधार्थः
श्री सम्पत्ति छानविन आयोग
केशरमहल, काठमाडौं ।